# परिच्छेद-१ परिचय

## १. पृष्ठभूमि :

नेपालमा योजनावद्ध विकास वि.सं. २०१३ सालदेखि प्रारम्भ भई हालसम्म १३ औं राष्ट्रिय आवद्यिक योजनाको कार्यान्वयन तहसम्म आईपुगेको छ। वि.सं.२०४६ सालको वहुदलीय व्यवस्थाको पुनःस्थापना पश्चात् स्थानीय स्रोत, साधन तथा क्षमता प्रवर्द्धन गर्ने उद्देश्यले विकेन्द्रीकरणलाई अवलम्बन गर्दै स्थानीय निकायका माध्यमबाट जनताहरुको सहभागितामा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने अभ्यासको थालनी समेत भएको छ।

यसै क्रममा स्थानीय निकायहरुलाई अधिकार सम्पन्न बनाई एक सवल सक्षम एवं जनउत्तरदायी निकायको रुपमा स्थापित गर्ने उद्देश्यले नेपालको संविधान २०७२ र स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत् सम्बन्धी नियमावलीहरुले स्थानीयस्तरमा योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने सम्पूर्ण जिम्मेवारी स्थानीय निकायहरुलाई सुम्पिएको छ। स्थानीय तहहरुले आ-आफ्नो क्षेत्रको विकासका लागि आवद्यिक एव बार्षिक योजना तयार गर्नुपर्ने व्यवस्था ऐनले गरेको छ।

नेपालको संविधान अनुसार नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण प्रतिवेदन, स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय तहलाई आ-आफ्नो क्षेत्रको वार्षिक, आवधिक तथा रणनीतिक विषय क्षेत्रगत मध्यकालिन र दीर्घकालीन योजनाहरु तयार गर्ने, कार्यान्वयन गर्ने र अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। सो अनुसार स्थानीय तहको आवधिक, रणनीतिक विषय क्षेत्रगत एवं बार्षिक योजना तर्जुमा र नतिजा अनुगमनको लागि क्षेत्रगत स्थितिसहित स्थानीय तहको वस्तुस्थिती विवरण तयारी आवश्यक रहेको छ। उक्त विवरणमा आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, वन तथा वातावरण र संस्थागत विकासका क्षेत्रमा गाउँपालिका भित्र रहेका भौतिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक, सामाजिक, मानवीय स्रोत साधनहरुको तथ्याङ्कको विश्लेषण र प्रस्तुति संलग्न हुन आवश्यक छ।

स्थानीययोजना तर्जुमा तथा अनुगमनलाई सूचनामा आधारित, व्यवस्थित, एकीकृत, नतिजामूलक, सहभागितामूलक र प्रभावकारी बनाउन वस्तुस्थिती विवरणले निर्णयकर्ता तथा विकास प्रदायक संस्थालाई महत्वपूर्ण आधार प्रदान गर्दछ। तसर्थ वस्तुस्थिती विवरणमा योजना तर्जुमा, नतिजा अनुगमन तथा सेवा प्रवाहको लागि आवश्यक आधारभूत विवरण संकलन गर्ने र निश्चित अवधिमा त्यसलाई अद्यावधिक गर्दै उपलब्ध स्रोत साधनको समुचित उपयोग सुनिश्चित गर्नुपर्ने हुन्छ।

व्यवस्थित र प्रभावकारी रुपमा कुनै पनि योजनाको तर्जुमा गर्दा सूचना र तथ्याङ्कहरुको आवश्यकता पर्दछ । विद्यमान सामाजिक, आर्थिक, भौतिक, साँस्कृतिक एव वातावरणीय अवस्थाका बारे पर्याप्त जनकारी विना उपयुक्त योजना तर्जुमा गर्न सकिदैन । वास्तविक सूचना तथा तथ्यांकहरुको विश्लेषण विना तयार पारिएका योजनाहरु काल्पनिक, अपेक्षित प्रतिफल नदिने तथा असफल हुने सम्भावना रहन्छ । दिगो विकासको लागि योजनाहरुको तर्जुमा वैज्ञानिक एवं सहि ढंगमा गरिनु पर्दछ । यसका लागि स्रोत, साधन, सम्भावना र आवश्यकतासम्वन्धी यथार्थपरक सूचना एवं तथ्यांकहरु संकलन तथा विश्लेषण गर्नु आवश्यक हुन्छ ।

नेपालको वर्तमान सन्दर्भमा लोकतान्त्रिक गणतन्त्र, समावेशीकरण र संघीयताले प्राथमिकता पाइरहेको अवस्थामा स्थानीय स्रोत साधनहरुको उचित पहिचान गरी जनताका वास्तविक चाहना र आवश्यकता अनुरुप योजना तर्जुमा हुनसके मात्र दिगो विकास सम्भव हुने कुरा निर्विवाद छ । यी तथ्यहरुलाई महसुस गरी हचुवाको भरमा योजना तर्जुमा गर्ने विद्यमान परिपाटीको अन्त्य गरेर स्थानीय तहहरुलाई आफ्नो क्षेत्रको वास्तविक सूचना तथा तथ्यहरु संकलन एवं विश्लेषण गरी, यसैको आधारमा आवधिक एव वार्षिक योजना तर्जुमा गर्ने परिपाटीको विकास भएको छ । यसै परिप्रेक्षमा गाउँपालिकाहरुले पनि योजना तर्जुमा गर्नुपूर्व गाउँपालिकामा उपलब्ध प्राकृतिक, भौतिक एवं मानवीय स्रोत साधनहरुको यथार्थ सूचनाले गाउ''पालिकाको प्राकृतिक स्रोतको दिगो उपयोग, वातावरणमैत्री विकास एवं वातावरणीय सन्तुलन, जलवायु परिवर्तनका असरहरुमा अनुकूलन, विपद व्यवस्थापन, फोहोरमैला व्यवस्थापन तथा सरसफाई एवं गुणस्तरीय शिशा, स्वास्थ्य जस्ता विषयलाई सम्बोधनका लागि गाउँपालिकाको वस्तुगत विवरण अपरिहार्य छ ।

योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मूल्यांकन कार्यलाई प्रभावकारी, सूचनामा आधारित तथा यथार्थ र वस्तुपरक बनाउनका लागि पनि गाउँपालिकाको वस्तुगत विवरण/पार्श्वचित्रको अत्यन्त ठूलो महत्व रहेको हुन्छ । गाउँपालिका पार्श्वचित्रबाट उद्देश्यमूलक ढंगले नतिजा प्राप्त हुने गरी गाउ''पालिकाको समग्र विकासलाई निर्देशित गर्न तथा गाउँपालिकाका महिला, वालवालिका, दलित, पिछडावर्ग, आदिवासी, जनजाति, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक लगायत सवैको आधारभूत आर्थिक अवसरहरूमा पहुँच र सामाजिक सशक्तीकरण मार्फत विकास क्रियाकलापहरुमा मूल प्रवाहीकरण गर्ने आधार तयार हुन्छ ।

गाउँपालिका वस्तुगत विवरणमा संलग्न सूचना एवं भौगोलिक सूचना प्रणालीमा आधारित नक्साहरुले गाउँपालिकाको स्थानगत स्वरूपलाई मध्यनजर गरी समग्र क्षेत्र तथा क्षेत्रको विकासमा सन्तुलन ल्याउनुका साथै स्थानीय सम्भावनालाई समृद्धिमा रुपान्तरण गर्न देखा परेका अवरोध

(Bottleneck) तथा समाधानका उपाय पहिचानका लागि उपयुक्त तवरले स्रोत साधनको विनियोजनलाई मार्गनिर्देश गर्न गाउँपालिका वस्तुस्थिति विवरणको महत्व रहेको छ ।

यसै क्रममा सोनमा गाउँपालिकाबाट पनि आफ्नो गाउँपालिकाको सर्वाङ्गिण विकासको लागि दीर्घकालीन सोँच बनाई सोहि अनुरुप आवधिक तथा वार्षिक योजना तर्जुमा गर्ने उद्देश्यले यो गाउँपालिका वस्तुस्थिति चित्रण तथा विश्लेषण, २०७५ ( गाउँपालिका पार्श्वचित्र) दस्तावेज तयार गरिएको छ। सूचना प्रविधिमा आधारित वस्तुस्थिती विवरण संकलन, भण्डारण, प्रशोधन र विश्लेषणका आधारमा वस्तुस्थिती विवरण प्रकाशन र अद्यावधिक गर्नु नै आर्थिक दृष्टिले समेत दीगो सूचना व्यवस्थापन हुने लक्षका साथ यो पार्श्वचित्र तयार गरिएको हो ।

## २. गाउँपालिका पार्श्वचित्रका उद्देश्यहरु :

गाउँपालिका पार्श्वचित्रका प्रमुख उद्देश्य विकास प्रक्रिया तथा सेवा प्रवाहका लागि नीति, योजना तथा कार्यक्रमहरु तयार गर्न अत्यावश्यक आधारभूत तथ्यांक, सूचना वा विवरण संकलन, विश्लेषण तथा व्यवस्थापनका न्यूनतम विषयहरुमा एकरुपता र स्तरीयता कायम गरी तथ्याङ्क संकलनका पद्धति, प्रक्रिया, औजार तथा प्रक्रियाहरु निर्धारण गरी स्तरीय ढाँचामा गाउँवस्तुस्थिती विवरण तयारी गर्न दिशानिर्देश गर्नु रहेको छ । यसका अन्य उद्देश्यहरु निम्न अनुसार रहेका छन् :

## ३. दीर्घकालीन उद्देश्य

- गाउँपालिकाको समग्र विकासका लागि दीर्घकालीन सोँच एवं रणनीतिहरुलाई मध्यनजर गरी बस्तुस्थिति झल्कने तथ्यांक एवं सूचनामा आधारित यथार्थपरक र वस्तुपरक गाउँपालिकाको आवद्यिक एवं बार्षिक योजना तर्जुमा गर्न योगदान पुऱ्याउने,
- गाउँपालिकाका समग्र विषय क्षेत्रहरुका लागि गाउँपालिका बासिन्दाका आवश्यकताहरुबारे जानकारी भई तदअनुरुपका योजनाहरु तर्जुमा र कार्यान्वयनमा सहयोग पुऱ्याउने ।

## ४. तत्कालीन उद्देश्य

- सरोकारवालाहरु लगायत सम्पूर्ण गाउँपालिकाबासीका लागि गाउँपालिकाको सूचनामा पहुँच पुऱ्याउने,
- गाउँपालिकाको समग्र राजनीतिक, सामाजिक, आर्थिक, वातावरणीय एवं भौतिक पूर्वाधारहरु तथा गाउँपालिका विकासको क्षमताबारे जानकारी प्राप्त गर्ने,
- गाउँपालिकाको विकासका लागि आवधिक गाउँ विकास योजना तथा बार्षिक योजना तर्जुमा एवं अनुगमन मूल्यांकन गर्ने आधार तयार गर्ने ।

- सङ्घीय शासन प्रणाली बमोजिम गाउँ वस्तुस्थिती विवरण तयार गर्ने कानूनी र नीतिगत आधार सहित कायान्वयनमा लैजान स्पष्ट कार्यविधि तय गर्ने,
- विषय क्षेत्रगत स्थितिसहित गाउँ वस्तुस्थिती विवरण तयारीका लागि स्तरीकृत तथ्याङ्कीय सूचकहरु प्रदान गर्ने,
- स्थानीय तहको तथ्याङ्क व्यवस्थापनमा एकरुपता र स्तरीयता कायम हुने गरी गाउँ वस्तुस्थिती विवरणको स्तरीय ढाँचा, तथ्याङ्क संकलनका औजार तथा प्रक्रिया तय गर्ने,
- स्थानीय तहको स्तरीकृत तथ्याङ्कीय आधार तयार गर्न तथ्याङ्क संकलन, प्रशोधन, भण्डारण तथा एकीकृत प्रतिवेदनको विधि, प्रक्रिया तथा फाराम निर्धारण गर्ने,
- स्थानीय तहमा सूचना प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापनका औजारहरु उपलब्ध गराउने र स्थानीय
- सरकारमा सूचना प्रविधिमूलक सूचना व्यवस्थापन संस्थागत गर्दै जाने,
- स्थानीय योजना तर्जुमाका लागि आवश्यक आधाररेखा सूचना (Baseine information) विवरण प्रस्तुत गर्ने,

५. कानूनी र नीतिगत आधार :

यस कार्यविधि तयार गर्न र यस कार्यविधि बमोजिम गाउँको वस्तुस्थिती विवरण तयार गर्न अनुसूची-१ मा उल्लेख भए अनुसारका कानूनी तथा नीतिगत व्यवस्थालाई आधारको रुपमा लिइएको थियो ।

**कानुनी तथा नितीगत आधारहरु :**

संवैधानिक व्यवस्था, कानूनी तथा नीतिगत आधार, तथ्याङ्कका मान्य सिद्धान्त र आधार, विगतका अनुभव तथा सिकाइलाई आधार मानी यो कार्यविधि तयार गरिएको छ । कार्यविधि तयारीमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन सम्वन्धी ऐन, नेपाल सरकारको कार्य विस्तृतीकरण प्रतिवेदन, तथ्याङ्क ऐन, स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ जस्ता कानुनी र नीतिगत व्यवस्था र साविकमा गाउँ र जिल्लाको वस्तुस्थिती विवरण तयारीमा अभ्यास गरिएको ढाँचा, विधि तथा प्रक्रियालाई प्रमुख आधारको रुपमा लिइएको छ । केन्द्रीय तथ्याङ्क विभाग, विषयगत मन्त्रालय तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय बीच राय परामर्श, छलफल गरी यस क्षेत्रमा विगत लामो समयदेखि संलग्न संस्था तथा विज्ञहरुका सुझाबहरु लाई समेत समेटेर यो कार्यविधि तयार गरिएको छ ।

सङ्घीय शासन प्रणाली तथा देहायअनुसारका प्रमुख विद्यमान कानूनी तथा नीतिगत व्यवस्थामा आधारित रही र यस वस्तुस्थिती विवरण तयारी कार्यविधि बमोजिम चरणबद्ध र व्यवस्थित रुपमा गाउँपालिकाले गाउँ वस्तुस्थिती विवरण तयार गर्न सक्नेछन् ।

क. नेपालको संविधान : नेपालको संविधानको अनुसूची ५ को क्रमसंख्या १३ मा केन्द्रीय तथ्याङ्क (राष्ट्रिय, अन्तरराष्ट्रिय मानक र गुणस्तर) लाई सङ्घको अधिकारको सूचीमा राखी नेपाल सरकारले यसको मापदण्ड निर्धारण गर्ने जिम्मेवारी प्रदान गरेको छ भने अनुसूची ६ को क्रमसंख्या ६ मा प्रदेश तथ्याङ्कलाई प्रदेशको अधिकारको सूचीमा सूचीकृत गरिएको छ । संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२), धारा २२६ को उपधारा (१) अनुसार स्थानीय तहको अधिकारको सूची अनुसूची ८ बमोजिम हुनेछ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकारको सूचीको क्रमसंख्या ६ मा स्थानीय तथ्याङ्क तथा अभिलेख संकलन सम्बन्धी अधिकार तथा क्रमसंख्या १७ मा वेरोजगारको तथ्याङ्क संकलन सम्बन्धी अधिकारलाई सूचीकृत गरेको छ ।

ख. नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारहरुको कार्य विस्तृतीकरण प्रतिवेदन : नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको अधिकारको कार्य विस्तृतीकरणले केन्द्रीय तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड, राष्ट्रिय तथ्याङ्क प्रणालीको व्यवस्थापन र गुणस्तर निर्धारण, राष्ट्रियस्तरको गणना र सर्वेक्षण व्यवस्थापन, नेपाल स्ट ाण्डर्ड वर्गीकरण र मापदण्ड विकास र प्रयोग तथा तथ्याङ्क सम्बन्धी सल्लाहकारी भूमिका बारे उल्लेख गरेको छ । यसैगरी प्रदेश तथ्याङ्क अन्तर्गत तथ्याङ्क सम्बन्धी प्रदेश नीति, कानून तथा मापदण्ड, नेपाल स्ट्याण्डर्ड वर्गीकरण र मापदण्ड अनुसार प्रादेशिक तहको तथ्याङ्क व्यवस्थापन, प्रदेश तहको तथ्याङ्कको सूचना प्रणाली व्यवस्थापन तथा प्रादेशिक तथ्याङ्कीय अभिलेख संरक्षण र व्यवस्थापन आदि उल्लेख गरेको छ ।

संविधानको अनुसूची ८ को स्थानीय तहको एकल अधिकारको विस्तृतीकरणले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड तर्जुमा, वेरोजगारको तथ्याङ्कसहित स्थानीय तहको आधारभूत तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कीय अभिलेख व्यवस्थापन, सूचना तथा प्रविधियुक्त तथ्याङ्क व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारमा रहेको छ ।

ग. तथ्याङ्क ऐन, २०१५ तथा नियमावली, २०४१ : जनतालाई अधिक मात्रामा ठोस हित हुने नीति निर्धारण गर्न, सरकारी निकायहरुको प्रशासकीय निपुर्णता बढाउन र मुलुकको आर्थिक गतिविधिबारे यथार्थ ज्ञान प्राप्त गर्न नेपाल सरकारलाई यथार्थ आधार चाहिने र त्यस्तो आधार जुटाउन तथ्याङ्क संकलन सम्बन्धी सुविधाको व्यवस्था गर्न तथ्याङ्क संकलन, विश्लेषण, अभिलेख र प्रकाशन गर्ने कामको निमित्त एक केन्द्रीय विभागको स्थापना गरी शान्ति, सुव्यवस्था, जनताको सुविधा र आर्थिक हित कायम राख्न तथ्याङ्क ऐन, २०१५ जारी गरिएको छ । तथ्याङ्क ऐन २०१५ को दफा ७ (क) उपदफा १ अनुसार सरकारी कार्यालय, सरकारी स्वामित्व भएको वा यस उद्देश्यको लागि सरकारी सहायता प्राप्त संस्था वा विदेशी व्यक्ति वा संस्थाले व्यावसायिक उद्देश्यले कुनै आर्थिक कुराको लगत, खबर वा तथ्याङ्क संकलन गर्न चाहेमा केन्द्रीय तथ्याङ्क विभागबाट स्वीकृती प्राप्त गर्नु पर्ने व्यवस्था रहेको छ । यस अनुसार तथ्याङ्क संकलन गर्न मनासिव देखिएमा केन्द्रीय तथ्याङ्क विभागले स्वीकृति दिनेछ र त्यसरी स्वीकृति दिँदा विभागले तथ्याङ्क संकलन गर्दा अपनाउनु पर्ने प्रणाली र आवश्यक देखिएका अन्य शर्त समेत तोकिदिन सक्नेछ । तथ्याङ्क नियम, २०४१ अनुसार केन्द्रीय तथ्याङ्क विभागको प्रमुख जिम्मेवारी देहायअनुसार हुनेछ :

(क) नेपाल सरकारबाट स्वीकृत भएका कुराहरुको तथ्याङ्क संकलन, प्रशोधन, संग्रह एवं साँख्यिकीय सुधार, विश्लेषण र प्रकाशन गर्ने गराउने,

(ख) नेपालभरि तथा कुनै भागमा आर्थिक, सामाजिक, जनसंख्या इत्यादि जुनसुकै कुराको तथ्याङ्क सर्वेक्षण गर्ने र सो सम्बन्धी विवरण संकलन गर्ने गराउने,

(ग) तथ्याङ्क सम्बन्धी प्रतिवेदन तयार गर्ने

(घ) राष्ट्रिय गणनाहरु (जनसंख्या, कृषि, उद्योग व्यापार, यातायात र अन्य आवश्यक सवै किसिमका गणना) लिने प्रवन्ध मिलाउने र तिनको संचालन गर्ने भनी उल्लेख गरिएको छ ।

घ. स्थानीय सरकार संचालन ऐन, २०७४ : स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ को उपदफा २ को च (२) र (३) ड

को (२), (४), (५) र (६) मा स्थानीय अभिलेख व्यवस्थापन, दफा ११ को उपदफा २ थ (१), (२) (३), (४) र (५) मा वेरोजगारको तथ्याङ्क संकलन तथा दफा १२ को वडा समितिको काम, कर्तव्य अधिकार अन्तर्गत उपदफा २ को ख मा तथ्याङ्क अद्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ।

ङ. स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ : दिग्दर्शनको दफा ८.२ मा गाउँपालिका वा गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा गर्नु पूर्व स्थानीय तहको भौगोलिक, सामाजिक, आर्थिक तथा पूर्वाधार लगायतका क्षेत्रको यथार्थ स्थिति देखिने गरी वस्तुस्थिती विविरण Profile तयार वा अद्यावधिक गर्नु पर्नेछ । अद्यावधिक वस्तुस्थिती विविरण आफ्नो Website मार्फत सार्वजनिक गर्नु पर्ने व्यवस्था गरेको छ।

६. वस्तुस्थिती विवरण तयारीका चरणहरु :

गाउँ वस्तुस्थिती विवरण चरणबद्ध, व्यवस्थित र सहभागितामूलक रुपमा तयार गर्ने ७ (सात) चरणहरु देहायअनुसार रहेका थिए:

**चित्र नं. १ : गाउँ वस्तुस्थिती विवरण तयारीका चरणहरु**




६.१ पहिलो चरण: वस्तुस्थिती विवरणको ढाँचा, सर्वेक्षण औजार र विधि तयारी तथा कार्ययोजना स्वीकृति :

स्थानीय तहको वस्तुस्थिती विवरण किन, कसरी, कहिले र कसले गर्ने भनी सबै तहगत प्रक्रिया निर्धारण गर्न सुरुवाति चरणमा वस्तुस्थिती विवरणको सूचकगत स्तरीय ढाँचा, तथ्याङ्क संकलन/सर्वेक्षण औजार र कार्यविधि तयारी गर्नु पर्नेछ । यस अन्तर्गतका कार्यहरु देहायबमोजिम गरियो :-

(क) गाउँक्षेत्रको भौगोलिक अवस्था, जनसंख्या, सामाजिक, आर्थिक, प्राकृतिक, भौतिक, वातावरणीय र संस्थागत वस्तुस्थिति झल्कने र भौगोलिक (वडा) तथा सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत विवरण खुल्ने गरी अनुसूची २ बमोजिमको वस्तुस्थिती विवरणको स्तरीय ढाँचा स्वीकृत गरियो । यसरी ढाँचा स्वीकृत गर्दा अनुसूची २ मा स्थानीय विशिष्टता र आवश्यकता अनुसार आवश्यक विषयहरु थप गरिएको थियो ।

(ख) स्वीकृत वस्तुस्थिती विवरणको स्तरीय ढाँचामा उल्लेख भएका विवरण तयार गर्न विश्वसनियता र उपलब्धताका आधारमा तथ्याङ्कका श्रोतहरुको आँकलन गरियो । सूचना प्रविधिमा आधारित भई देहाय बमोजिमका श्रोतबाट तथ्याङ्क तथा सूचना संकलन गर्न निर्णय गरियो ।

१. घरपरिवार सर्वेक्षण (सवै घरपरिवार वा नमूना सर्वेक्षणका लागि छनौट भएका घरपरिवार)

२. संस्थागत सर्वेक्षण (स्थानीय कार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्लास्थित विषयगत कार्यालय, शैक्षिक संस्था, स्वास्थ्य संस्था, वैंक तथा औद्योगिक/व्यावसायिक प्रतिष्ठान, केन्द्रीय तथ्याङ्क विभाग तथा मातहतका कार्यालय, संघ/संस्था, सामुदायिक संस्था आदिको अभिलेख तथा उपलब्ध विवरण)

३. सहभागितामूलक लेखाजोखा सर्वेक्षण (जानकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदि)

(ग) प्राथमिक श्रोतबाट तथ्याङ्क संकलनका लागि निर्धारित पारिवारिक विवरण संकलन फाराम र संस्थागत एवं सहभागितामूलक लेखाजोखा सर्वेक्षण फारामको प्रयोग गर्नुपर्नेछ । तथ्याङ्क संकलनका लागि यस कार्यविधिमा उल्लिखित तथ्याङ्क संकलन फाराम वा सर्वेक्षण औजार बारे निर्णय गरिएको थियो ।

(ङ) केन्द्रीय तथ्याङ्क विभाग तथा अन्तर्गतका कार्यालय, गाउँकार्यपालिकाको कार्यालय, डिभिजन तथा जिल्लास्थित सङ्घीय तथा प्रदेश सरकारका कार्यालय, विद्यालय, स्रोतकेन्द्र, सेवा केन्द्र, चौकी, संघ/संस्था तथा समुदायमा आधारित संस्था आदि सबैको अभिलेख

तथा प्रतिवेदन, नापी विभागबाट प्रकाशित नक्शा तथा विभिन्न अध्ययन तथा सर्वेक्षण प्रतिवेदनबाट संस्थागत विवरण (द्वितीय स्रोततथ्याङ्क) संकलन गरिएको थियो ।

(च) जानिफकार अन्तरवार्ता, लक्षित समूह छलफल, स्थलगत अध्ययन, समूहगत छलफल आदि जस्ता सहभागितामूलक लेखाजोखा विधि प्रयोग गरी पारिवारिक विवरण तथा संस्थागत विवरणमा नपुग थप सूचना संकलन गरिएको थियो ।

(छ) गाउँपालिका वा गाउँपालिकाले वस्तुस्थिती विवरण तयारी गर्नु पूर्व यस कार्यविधिको अनुसूची २ बमोजिमको स्तरीय ढाँचा, अनुसूची ३ (क) र (ख) बमोजिमको तथ्याङ्क संकलन फाराम र यस कार्यविधिमा उल्लिखित प्रक्रिया गाउँ/गाउँ अनुसार सम्पन्न गरियो । वस्तुस्थिती विवरणको कानूनी तथा नीतिगत आधार, तयारी गोष्ठी, तथ्याङ्क संकलन, भण्डारण, प्रशोधन, विश्लेषण, प्रमाणीकरण कार्यशाला र अन्तिम प्रतिवेदन प्रकाशनका कार्यहरु समावेश गरिएको थियो ।

६.२ दोस्रो चरणः वस्तुस्थिती विवरण तयारी गोष्ठी : वस्तुस्थिती विवरण

तयारीको लागि गाउँपालिकाले कार्यपालिकाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरु बीच वस्तुस्थिती विवरणको स्तरीय ढाँचा, तथ्याङ्कको स्रोत तथा संकलन एवं विश्लेषण तयारी विधिबारे साझा धारणा, बुझाई र अपनत्व कायम गर्न छलफलबाट एक कार्ययोजना तयार गर्नुपर्नेछ । वस्तुस्थिती विवरण तयार गर्ने कार्यको जिम्मेवारी र कार्ययोजना निर्धारण गर्नका लागि देहायबमोजिम एक दिनको वस्तुस्थिती विवरण तयारी गोष्ठी आयोजना गरिएको थियो ।

(क) वस्तुस्थिती विवरण तयारीको उद्देश्य, अवधारणा, कानूनी तथा नीतिगत आधार, तयारी विधि तथा प्रक्रिया, तथ्यांक संकलन फाराम र सूचना प्रविधि, सरोकारवालाहरुको पहिचान तथा भूमिका र कार्ययोजना सम्बन्धमा प्रस्तुति गरी सहभागितामूलक ढंगले छलफल गरिएको थियो । कार्यशालामा सिलसिलेवार रुपमा उपरोक्त विषयहरुको प्रस्तुति र छलफलमा सहजीकरण गरी साझा धारणा, बुझाई र प्रतिवद्धता कायम गरिएको थियो ।

(ख) वस्तुस्थिती विवरण तयारी कार्यशालामा देहाय बमोजिमको सहभागिता भएको थियो :-

गाउँ कार्यपालिकाको अध्यक्ष र पदाधिकारीहरु

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिकाका वडा सचिवहरु

शाखा/उपशाखा प्रमुखहरु

(ग) यस कार्यविधिको परिच्छेद १ मा उल्लेख भए बमोजिमको वस्तुस्थिती विवरण तयारीको उद्देश्य, अनुसूची १ बमोजिमको कानूनी तथा नीतिगत आधार, अनुसूची २ बमोजिमको सूचकगत स्तरीय ढाँचा, अनुसुची ३ (क) र (ख) बमोजिमका तथ्याङ्क संकलन फारामहरु र यसपछिका चरणमा उल्लेख भए बमोजिमको विधि तथा प्रक्रियाको संक्षिप्त प्रस्तुति गरी गरिएको थियो ।

(घ) कार्यशालामा वस्तुस्थिती विवरण तयारी कार्यमा विभिन्न सरोकारवालाको भूमिका र जिम्मेवारीसहित अनुसूची ५ को ढाँचामा कार्ययोजना गरिएको थियो ।

६.३ तेश्रो चरणः सर्वेक्षण वा तथ्याङ्क संकलन : वस्तुस्थिती विवरण तयारीका लागि यस कार्यविधि बमोजिम निर्धारित फाराम प्रयोग गरी आवश्यक तथ्याङ्क, सूचना वा विवरण संकलन गरिएको थियो । वस्तुस्थिती विवरणको स्तरीय सूचकगत ढाँचा अनुसार मुख्य गरेर संस्थागत र पारिवारिक विवरण सर्वेक्षण गरी प्राथमिक र द्वितीय गरी दुइ प्रकारका श्रोतबाट तथ्याङ्क संकलन गरिएको थियो । वस्तुस्थिती विवरण तयारी तथा अद्यावधिक गर्न संस्थागत अभिलेख तथा सहभागितामूलक सर्वेक्षणबाट तथ्याङ्क/सूचना संकलन गर्न जोड दिनुपर्नेछ र संस्थागत स्रोतबाट उपलब्ध नहुने विवरण मात्र प्राथमिक श्रोतबाट संकलन गरिएको थियो ।

(क) देहायमा उल्लेखित स्रोतलाई संस्थागत/आधारभूत स्रोतको रुपमा लिई सूचना संकलन गरिएको थियो ।

- केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गर्ने जनसंख्या सर्वेक्षण, गणना तथा अन्य आर्थिक सर्वेक्षण प्रतिवेदनहरु ।
- डिभिजन तथा जिल्लास्तरका संघीय तथा प्रदेश कार्यालय र सरोकारवाहरुबाट प्रकाशित प्रगति ।
- प्रतिवेदन, विवरण तथा अभिलेखहरु ।
- प्रमाणित भएका अनुन्धान संस्था वा अनुसन्धानकर्ताका प्रकाशनहरु ।
- पर्यटकीय क्षेत्र प्रवर्द्धनकोलागि प्रकाशन भएका प्रमाणित सूचना तथा पुस्तिकाहरु ।
- आधिकारिक तथा विश्वसनीय अन्य प्रतिवेदन तथा प्रकाशनहरु ।

(ख) संस्थागत (आधारभूत) तथ्याङ्क विवरण संकलनका लागि अनुसूची ३ (क) मा उल्लिखित तथ्याङ्क संकलन फाराम प्रयोग गर्नु पर्नेछ । यस फाराममा गाउँपालिकाको विशिष्टता वा आवश्यकतानुसार विवरण थप गरिएको थियो ।

(ग) वस्तुस्थिती विवरण तयार गर्ने कार्यको लागि अध्यक्षको निर्देशन बमोजिम गाउँकार्यपालिकाको सूचना वा योजना शाखाको प्रमुखले आवश्यक समन्वय, संयोजन र व्यवस्थापन गर्नु पर्नेछ । गाउपालिकाको वडा सचिवको जिम्मेवारी र परिचालन प्रक्रिया देहायअनुसार भएको थियो :

- गाउँकार्यपालिकाका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाअध्यक्ष तथा शाखा प्रमुख, कर्मचारी एवम् प्राविधिक सहयोग टोलीको निर्देशन प्राप्त गर्ने तथा परामर्श गर्ने,
- वस्तुस्थिती विवरण तयारीका लागि तथ्याङ्क संकलन, प्रशोधन, विश्लेषण र प्रस्तुति सम्बन्धी अभिमुखीकरण कार्यक्रममा सहजीकरण गर्ने ।
- केन्द्रीय तथ्याङ्क विभागको गणना, सर्वेक्षण तथा तथ्याङ्क, जिल्ला तथा डिभिजन कार्यालय र
- सरोकारवाला निकाय र संस्थाहरुबाट प्रकाशित प्रगति प्रतिवेदन, सूचना विवरण तथा अभिलेख, प्रकाशित अनुसन्धानमूलक प्रकाशनहरु संकलन गरी गाउँपालिकासँग सम्बन्धित सूचना विवरणहरु तयार गर्ने,
- गाउँपालिका अध्यक्षले तोके बमोजिम निर्वाचित पदाधिकारी, सरकारी कार्यालय, संघ/संस्था, विकास साझेदार, नागरिक समाज वा अन्य प्रतिनिधिसँग राय परामर्श तथा अभिलेख अध्ययन गरी
- सूचना विवरण मस्यौदा गर्ने,
- संस्थागत सर्वेक्षण, स्थलगत अवलोकन, लक्षित समूह अन्तरवार्ता, जानकार व्यक्ति अन्तरवार्ता र
- संस्थागत अभिलेख आदिबाट तथ्याङ्क संकलन गर्न सहजीकरण गर्ने ।
- संस्थागत तथा सहभागितामूलक सर्वेक्षण, प्रकाशन र प्रतिवेदन पुनरावलोकन र पारिवारिक विवरण
- सर्वेक्षणबाट संकलन गरिएको तथ्याङ्क प्रशोधन, प्रस्तुति तथा विश्लेषण गर्ने, स्थानीय सहजकर्ता उपलब्ध नभएको अवस्थामा सहयोगी संस्था वा प्राविधिक टोलीको सहयोगमा गाउँकार्यपालिका कार्यालयमा कार्यरत कर्मचारीबाट यस सम्बन्धी कार्य गरिएको थियो ।
- स्थानीय सहजकर्तालाई संस्थागत तथा सहभागितामूलक सर्वेक्षण गरी तथ्याङ्क संकलनमा गाउँकार्यपालिकाका पदाधिकारी, वडा समिति र कार्यालयमा कार्यरत कर्मचारीबाट आवश्यक

सहयोग र सहजीकरण प्रदान भएको थियो ।

(घ) गाउँपालिका वडा सचिवहरुलाई थप जिम्मेवारी दिई परिचालन गरिएको थियो ।

(ङ) देहायका श्रोतलाई प्राथमिक स्रोतमानी सूचना संकलन भएको थियो ।

अन्य सर्वेक्षण (जानिफकार तथा लक्षित समूह अन्तरवार्ता, सहभागितामूलक लेखाजोखा वा अन्य)

(च) देहायको स्थितिमा प्राथमिक स्रोत(पारिवारिक विवरण सर्वेक्षण) बाट तथ्याङ्क संकलन गरिएको थियो ।

आधारभूत तथ्यांक, सूचना वा विवरण नरहेको अवस्थामा वा अद्यावधिक गर्नुपर्ने अवस्था रहेमा, राष्ट्रिय जनगणनाको प्रतिवेदन पाँच वर्ष भन्दा पुरानो भएमा, स्थानीय तहको नयाँ संरचना अनुसार भौगोलिक (वडागत) र सामाजिक (लैङ्गिक र जातिगत) रुपमा खण्डीकृत तथ्याङ्क आधार तयार गर्नु पर्ने भएमा, स्थानीय तहमा नीति तथा योजना तर्जुमा, सेवा प्रवाह, कार्यसम्पादन, नतिजा मापनका लागि स्थानीय परिवेश अनुसार आवश्यक तथ्याङ्क विवरण आवश्यक देखिएमा संरचनागत, सामाजिक र भौतिक परिवर्तनबाट सिर्जित नयाँ आयाम र सवाल (वातावरण, जलवायु परिवर्तन, विपद् आदि) सम्बोधनलाई उपलब्ध सूचनाले पूरा गर्न नसकेमा,

(छ) पारिवारिक विवरण संकलनका लागि अनुसूची ३ (ख) मा प्रस्तुत तथ्याङ्क संकलन फाराम प्रयोग गरिएको थियो ।

(ज) सर्वेक्षणलाई छिटो र प्रभावकारी बनाउन कम्प्युटर सफ्टवेयर प्रयोग गरिएको थियो । यदि कम्प्युटर सफ्टवेयर प्रयोग गर्न नसकिने अवस्थामा यस कार्यविधिको प्रक्रिया लागू हुने गरी गाउँपालिकाले निर्धारण गरेको भरपर्दो र उपयुक्त विधि बमोजिम भएको थियो ।

(झ) विवरण संकलन गर्न संभव भएसम्म स्थानीय तहमा कार्यरत कर्मचारीलाई परिचालन गरिएको थियो ।

१. पारिवारिक विवरण संकलनका लागि छनौट भएका गणकहरुले वडा समिति तथा वडा कार्यालय र स्थानीय जानिफकार व्यक्ति, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक र समाजसेवीको सहयोगमा सर्वेक्षण कार्य सम्पादन गरिएको थियो ।

२. गाउँपालिकाले यस प्रयोजनका लागि उपरोक्त योग्यता र अनुभवका आधारमा यथोचित संख्यामा सम्बन्धित वडाबाट योग्य व्यक्तिलाई गणकको रुपमा छनौट गरियो ।

३. छनौट गरिएका गणकहरुलाई गाउँकार्यपालिकाका तथा सहजकर्ताद्वारा तथ्याङ्क संकलन औजार तथा तथ्याङ्क संकलन विधि तथा प्रक्रिया बारे जानकारी प्रदान गर्न एक दिने अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो ।

६.४ चौथो चरणः तथ्याङ्क विश्लेषण, प्रस्तुति र स्रोत नक्शा तयारी : यस चरणका कार्यहरु देहायबमोजिम गरिएको थियो ।

अ. तथ्याङ्क प्रशोधन तथा विश्लेषणः पारिवारिक विवरण तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई तथ्याङ्कको प्रकृति, स्रोतर आवश्यकता अनुसार प्रशोधन तथा विश्लेषण गरिएको थियो । वस्तुस्थिती विवरण तयारीको पारिवारिक विवरण तथा संस्थागत सर्वेक्षण विधिबाट संकलन गरिएको तथ्याङ्कलाई देहाअनुसार प्रशोधन तथा विश्लेषण गरियो ।

(क) पारिवारिक विवरण सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई कम्प्युटर जस्ता सफ्टवयर प्रयोग गरी प्रविष्ट गर्न सकिने छ । विद्युतीय माभ्यमबाट गरिएको सर्वेक्षणमा तथ्याङ्क प्रविष्ट ( Data Entry) गरिएको थियो ।

(ख) सहभागितामूलक लेखाजोखा तथा संस्थागत सर्वेक्षणबाट प्राप्त तथ्याङ्कलाई कम्प्युटरको MS Excel सिटमा तथ्याङ्क प्रशोधन गरी तथ्याङ्कशास्त्रीय विधिबाट विश्लेषण गर्न वा स्थानीय तहको सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरी विश्लेषण गरिएको थियो ।

(ग) उपरोक्त अनुसार संकलित तथ्याङ्कको प्रशोधन तथा विश्लेषण गाउँपालिकामा कार्यरत सम्बन्धित शाखाका कर्मचारी र स्थानीय सहजकर्ताद्धारा गरिएको थियो ।

(घ) विश्लेषणबाट प्राप्त सूचनाहरुलाई देहायबमोजिमको क्षेत्र अनुसार खण्डीकृत गरिएको थियो :-

- भौगोलिक (वडा)
- सामाजिक (लिङ्ग)
- संरचना (जातजाति)
- सामाजिक न्यायको नीतिले परिलक्षित गरेको क्षेत्रहरु
- स्थानीय आवश्यकताले निर्धारण गर्ने अन्य क्षेत्रहरु

(ङ) तथ्याङ्क प्रशोधन तथा विश्लेषणबाट प्राप्त सूचना तथा विवरणलाई आवश्यकता अनुसार उपयुक्त तालिका, सूचकांक, रेखाचित्र, नक्शा वा अन्य उपयुक्त स्वरुपमा रुपमा प्रस्तुत गरिएको थियो ।

(च) संकलित तथ्याङ्कको प्रशोधन, विश्लेषण र प्रस्तुतिका लागि आवश्यकता अनुसार तथ्याङ्क विज्ञ वा प्राविधिक टोलीको सहयोग लिएको थियो ।

गाउँवस्तुस्थिती विवरणको महत्वपूर्ण भागको रुपमा देहायबमोजिम तयार गरियो :

(क) वस्तुस्थिती विवरणमा प्रस्तुत स्थानीय प्राकृतिक, भौतिक, साँस्कृतिक स्रोत साधनहरुको अवस्थिति एवं सामाजिक र आर्थिक अवयवहरुको स्थानगत स्थिति झल्काउने देहायका विवरणलाई नक्शामा प्रस्तुत गरी वस्तुस्थिती तयार गरियो ।

१. प्राकृतिक स्रोतसाधन (वन जंगल, नदीनाला, तालतलैया, पोखरी, कृषि, चरण क्षेत्र आदि),

२. साँस्कृतिक सम्पदा (मठमन्दिर, धार्मिक तथा साँस्कृतिक स्थल आदि),

३. पूर्वाधार विकास (पैदल मार्ग, सडक, पुल, कल्भर्ट, नहर, कुलो पैनी, खेलमैदान, आवास, खुल्ला क्षेत्र आदि),

४. सेवा केन्द्रहरु ( गाउँपालिका केन्द्र, अस्पताल/स्वास्थ्य केन्द्र, विद्यालय/शैक्षिक संस्था, सेवा केन्द्र, बैंक तथा वित्तीय सस्था, सामुदायिक भवन, क्लव आदि)

६.५ पाँचौ चरणः वस्तुस्थिती विवरण मस्यौदा तयारी : वस्तुस्थिती विवरणको ढाँचा, सर्वेक्षण औजार तथा कार्यविधि, वस्तुस्थिती विवरण तयारी कार्यशाला, तथ्याङ्क संकलन तथा विश्लेषण प्रक्रियाको अन्तिम परिणाम वस्तुस्थिती विवरण प्रतिवेदन अनुसूची २ मा दिइएको ढाँचा अनुसार तथ्याङ्क विश्लेषणबाट प्राप्त सूचना तथा विवरण र स्रोतनक्शाको आधारमा तयार गरिएको थियो । यस सम्बन्धी अन्य विवरण देहायअनुसार राखियो :-

(क) तथ्याङ्क विश्लेषण गरी प्राप्त भएको सूचनालाई क्षेत्रगत, लैंगिक तथा सामाजिक आधारमा खण्डीकृत गरी निर्धारित ढाँचा बमोजिमका तालिका, सूचकांक, ग्राफ र चित्र, नक्शा आदि बीच तार्किक सम्बन्धको आधारमा क्रमबद्ध तरिकाले प्रस्तुत गरियो ।

(ख) विश्लेषणका क्रममा कुनै विवरण अधुरो, अस्पष्ट र विरोधाभासपूर्ण देखिएमा सो तथ्याङ्कलाई सरोकारवालासँग पुनः छलफल गरी निक्र्यौल गरियो ।

(ग) वस्तुस्थिती विवरणलाई प्रस्तुत गर्न, बुझ्न र प्रयोग गर्न सजिलो हुने गरी उपयुक्त भाग, खण्ड र उपखण्डमा विभाजन गरी प्रस्तुत गरियो ।

६.६ छैठौ चरणः गाउँ वस्तुस्थिती विवरण प्रमाणीकरण कार्यशाला (Validation Workshop): निर्धारित ढाँचामा गाउँ वस्तुस्थिती विवरणको पहिलो मस्यौदा तयार भए पश्चात वस्तुस्थिती विवरणको मस्यौदामा छलफल गर्न गाउँपालिकाले देहायअनुसार एक दिने प्रमाणीकरण कार्यशाला (Validation Workshop) को आयोजना गरिएको थियो ।

(क) प्रमाणीकरण कार्यशालामा देहायबमोजिम कार्यहरु गरिएको थियो ।

१. प्रस्तुत भएका सूचना तथा विवरणको शुद्धता र तथ्य यकिन गरी सुधारको लागि सुझाव संकलन गर्ने,

२.वस्तुस्थिती विवरणको  मस्यौदाले  समेटन् समावेश गर्न सुझाव आदान प्रदान गर्ने, नसकेका विषय क्षेत्र वा परिमार्जन गर्नुपर्ने पक्षहरु

३. वस्तुस्थिती विवरणमा प्रस्तुत तथ्याङ्क, सूचना तथा विवरणहरुको अन्तरसम्बन्ध र तुलनात्मक पक्षहरु यकिन गर्ने,

४. वस्तुस्थिती विवरण प्रकाशन पश्चात यसका विवरणहरु योजना तर्जुमा, विकास निर्माण, सेवा प्रवाह, कार्यसम्पादन र नतिजा अनुगमनमा उपयोग गर्ने प्रतिबद्धता जाहेर गर्ने,

(ख) कार्यशाला सञ्चालन विधि तथा प्रक्रिया देहायबमोजिम भयो :-

१. गाउँकार्यपालिकाले कार्यशालाको आयोजना गर्‍यो,

२. कार्यशालाको अध्यक्षता प्रमुखले गर्नु भयो,

३. वस्तुस्थिती विवरण तयारीमा संलग्न प्राविधिक टोली वा सहजकर्ता वा कर्मचारीले वस्तुस्थिती विवरणका प्रमुख विषय तथा सूचना विवरण प्रस्तुत गर्नु भयो,

४. प्रस्तुति पश्चात् सरोकारवालाहरुको तर्फबाट सुझाव संकलन गर्न वस्तुस्थिती विवरणमा प्रस्तुत खण्ड बमोजिमको समूहहरु बनाई समूहगत छलफल गरियो ।

५. समूहगत छलफल पछि प्रत्येक समूहबाट प्राप्त सुझावलाई पूर्णसत्र (Plenary) मा प्रस्तुत गरियो । ६. समूहगत तथा पूर्ण सत्रको छलफलबाट प्राप्त सुझाबहरुलाई लिपिबद्ध राख्यो,

(ग) कार्यशालाको छलफल र सुझावलाई समावेश गरी वस्तुस्थिती विवरण प्रतिवेदनलाई अन्तिम रुप दिईयो,

(घ) कार्यशालामा देहाय बमोजिमका सरोकारवालाको सहभागिता भयो ।

१. गाउँ कार्यपालिका पदाधिकारी,

२. गाउँकार्यपालिका शाखा/उपशाखा र विषयगत प्रमुख तथा कर्मचारीहरु,

३. गाउँ वडा कार्यालयका वडा सचिवहरु,

४. स्थानीय तहमा कार्यरत सङ्घीय र प्रदेश कार्यालयका प्रमुख/प्रतिनिधिहरु,

५. संघ संस्था, समुदायमा आधारित संस्थाका प्रमुख वा प्रतिनिधि,

६.७ सातौं चरणः वस्तुस्थिती विवरणको प्रतिवेदन तयारी तथा प्रकाशनः प्रमाणीकरण कार्यशालाबाट प्राप्त भएका सुझाबहरुलाई समावेश गरी देहायअनुसार वस्तुस्थिती विवरणलाई अन्तिम रुप दिई प्रकाशन गरियो :-

(क) मस्यौदा प्रतिवेदनमा परिमार्जन गर्नुपर्ने विषयहरु, कार्यशालाबाट प्रस्तुत सुझावहरु बारे सम्बन्धित सरोकारवालासँग आवश्यकतानुसार पुनःपरामर्श गरी वस्तुस्थिती विवरणलाई पूर्णता दिईयो ।

(ख) वस्तुस्थिती विवरणको स्तरीयता र गुणस्तर सुनिश्चितताका लागि विज्ञहरुका सुझावहरुलाई समेत ध्यान दिई समावेश गरियो ।

(ग) वस्तुस्थिती विवरणको विद्युतीय प्रति तयार भई सकेपछि सो प्रतिवेदनलाई गाउँपालिकाले सार्वजनिक गरी आवश्यकता अनुसार छाँया प्रति, विद्युतीय वा सूचना प्रणाली, छापा माध्यमबाट प्रकाशन र प्रसारण गर्ने प्रावधान छ ।

## ७. अध्ययनको सीमा :

यो दस्तावेज मुलतः प्रारम्भिक तथा द्वितीय श्रोतहरुका आधारमा तयार गरिएको हुनाले एवं यस क्रममा कतिपय प्रक्रियागत अप्ठ्यारा समेत रहेका हुनाले यस दस्तावेजका केही सीमाहरु तल उल्लेखित गरिएको छ ।

क) सोनमा गाउँपालिकाको यो पहिलो अभ्यास भएकाले बिषयगत क्षेत्रका सूचनाका लागी विषयगत विशेषज्ञ तथा बिषयगत क्षेत्रहरुकै क्षमतामा भर पर्नु परेकोले कतिपय बिषयगत क्षेत्रहरुबाट प्राप्त सूचना अझै पर्याप्त र क्षेत्रगतरुपमा खण्डीकृत एवं अद्यावधिक गर्नुपर्ने महशुस भएको छ ।

ख) गाउँपालिका तथा गाउँभित्र रहेका संस्थाहरुमा प्रयाप्त सूचनाको कमी, जिल्लामा विषयगत कार्यालयहरुमा तथ्याङ्क सूचनालाई व्यवस्थित गरी राख्ने परिपाटी एवं क्षमतामा कमीका कारणबाट पर्याप्त, गुणस्तरीय र वहुबर्षीय सूचनाहरु प्राप्त गर्न नसकिएको ।

ग) पि. आर. ए. विधिहरुको प्रयोग गरिएको कारण संख्यात्मक विवरणहरु लिन कठिनाई भएको ।

घ) समुदायमा जानिफकारहरु प्रतिनिधिमुलक हुने भएको कारण सूचना तथा जानकारीमा सिमितता रहेको ।

# सोनमा गाउँपालिका



# परिच्छेद २ गाउँपालिकाको चिनारी

## २.१ भौगोलिक अवस्थिति, सीमाना तथा राजनीतिक, प्रशासनिक विभाजन :

सोनमा गाउँपालिका नेपालको मध्यमाञ्चल विकास क्षेत्र एवं प्रदेश नं. २ मा अवस्थित छ । नेपालको ७७ जिल्ला मध्ये एक महोत्तरी जिल्लामा १५ स्थानीय तह रहेको छ । जसमध्ये १० नगरपालिका र ५ गाउँपालिका रहेका छन । कुल ५७.७७ बर्ग कि. मी. क्षेत्रफलमा फैलिएको यो गाउँपालिका साविकको ४ वटा गा.वि.स.हरु क्रमशः सोनमा, रघुनाथपुर, खैरबनी र सुन्दरपुर मिलेर बनेका छन् । सोनमा गाउँ कार्यपालिकाको कार्यालय सोनमा १ मा रहेको छ । यो गाउँपालिका जिल्लाको सदरमुकामबाट १६ माईल उत्तर, पश्चिम मा रहेको  छ ।

सोनमा गाउँपालिका अक्षांस २६° ८५′ र देशान्तर ८५° ७३′ मा अवस्थित रहेको छ । यस गाउँपालिकाको पूर्बमा गौशाला, औरही न.पा. र समसी गा.पा., पश्चिममा सर्लाही जिल्ला, उत्तरमा गौशाला न.पा. र दक्षिणमा भारतको बिहार राज्य पर्दछ ।

## *२.२ राजनीतिक तथा प्रशासनिक विभाजन :*

महोत्तरी जिल्लाका सोनमा गाउँपालिका नेपालको मध्यमाञ्चल विकास क्षेत्रको प्रदेश नं. २ अन्तर्गत जनकपुर अञ्चलमा अवस्थित छ । यस जिल्लामा ४ वटा संसदीय निर्वाचन क्षेत्र रहेका छन् । १० नगरपालिका र ५ गाउँपालिका रहेको यस सोनमा गाउँपालिकाको केन्द्र सोनमा रहेको छ । यस गाउँपालिकामा ८ वटा वडाहरु रहेको छ ।

**प्रशासनिक विभाजन**

**यस गाउँपालिकाको प्रशासनिक विभाजन निम्न अनुसार रहेको छ :-**

| प्रशासनिक विभाजन (**Administrative Division)** | |
|---|---|
| प्रदेश (Province) | २ |
| जिल्ला (District) | महोत्तरी |
| सदरमुकाम (District Headquarter) | जलेश्वर |
| प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं.(Federal Parliament Election Area No.) | १,४ |
| प्रदेश निर्वाचन क्षेत्र नं. (Provincial Election Area No.) | क, ख |
| वडा संख्या (No. of wards) | ८ |

## २.३ भू-उपयोग (माटो सम्बन्धी विवरण) :

यो क्षेत्र समान्यतः बाढी तथा सुख्खाको उच्च जोखिमको क्षेत्र हो । यस क्षेत्रमा भूमिगत जलाधार तुलनात्मक रुपमा अरु क्षेत्र भन्दा निकै गहिरो (तल भएकोले) यहां सिंचाईको कमी रहेको र क्षेत्रको माटो दोमट तथा बलौटे दोमट तथा अरु सामान्य भएपनि माटोमा पोषक तत्वको उपस्थिती अन्य क्षेत्रभन्दा कम छ । यस क्षेत्रमा राम्रो वाली लिन मलको प्रयोग भएको देखिन्छ ।

## २.४ भू-क्षय संभावित क्षेत्र

भौगोलिक रुपमा यो गाउँपालिकाको भू-भाग समतल (तराई) समेटेको छ । यो गाउँपालिका समतल भू-भाग अति उव्जाउ क्षेत्र छ । वर्षेनी बर्षायाममा बाढी जानु यस क्षेत्रको नियतिनै छ यसले गर्दा यस गाउँपालिकाको प्रायः जसो भू-भागहरु जलमग्न भएर ठूलो दुखको कारण बन्ने गरेको छ ।

## २.५ जलवायु / हावापानी

यो गाउँपालिका मनसुनी हावाद्धारा प्रभावित क्षेत्र भएका कारण यहाँ उष्ण जलवायु पाइन्छ । यहाँको अधिकत्तम तापक्रम गर्मीयाममा ४२ देखि ४५ डिग्री सेल्सियस भन्दा पनि बढी हुने गर्दछ । जसका कारण कहिलेकाँही तातोहावा लू पनि चल्ने गर्दछ । यस्तै जाडो याममा सबैभन्दा कम अथवा ५ डिग्रीसम्म पुग्दछ जसले गर्दा जाडो मौसममा शितलहर पनि चल्ने गर्दछ । यस गाउँपालिकामा वार्षिक १८४० देखि २२०० मिलिलिटरसम्म वर्षा हुने गर्दछ । वर्षायाममा ८० प्रतिशतसम्म वर्षा हुने गरेको छ भने जाडो याममा कम वर्षा हुने गर्दछ ।

## २.६ जलसम्पदा (प्रमुख नदीनालाहरु) :

यो गाउँपालिकामा मुख्य नदीको रुपमा मरहा, कान्तवा र रुपनी नदीहरु रहेको छ । अधिकांश नदीमा हिउँदमा पानीको वहाव नहुने भए पनि वर्षातको समयमा पानीको मात्रा निकै बढी हुने र गाउँ, वस्ती तथा भौतिक संरचनाहरु डुवानमा पर्ने तथा क्षतिग्रस्त हुने गरेको छ ।

## २.७ प्रमुख पोखरी तथा तलाउहरु

सोनमा गाउँपालिकामा निजी तथा सार्वजनिक पोखरीहरुको उल्लेख्य संख्या भएको गाउँपालिका हो । यहाँ भएका पोखरीहरुमा अधिकांश नीजि प्रयासमा निर्मित एवं संचालित छन् । केही मात्र सार्वजनिक वा सरकारी प्रकृतिका छन् । ती मध्ये अधिकांश पोखरीमा माछा राखिएका र व्यवसाय गरिएका छन् । नयाँ र पुराना गरी जम्मा ३४ पोखरीहरु यस गाउँपालिका भित्र रहेका छन । सो मध्ये सार्वजनीक १४ र नीजि २० पोखरीहरु रहेका छन् ।

## २.८ गाउँपालिकाको ऐतिहासिक पृष्ठभूमि

यस गाउँपालिकाको नामाकरणबारेको सन्दर्भमा नेपाल सरकारको निर्णय अनुसार साविकका ४ वटा गा.वि.स.हरु क्रमशः सोनमा, खैरबनी, रघुनाथपु र सुन्दरपुर मिलाएर **सोनमा गाउँपालिका** नामाकरण गरिएको छ ।

## २.९ गाउँपालिकाका अन्य प्रमुख विशेषताहरु

यसरी गाउँपालिकामा प्राकृतिक, धार्मिक, साँस्कृतिक, ऐतिहासिक आदि विभिन्न किसिमका स्रोत, साधन, सम्पदा, परम्परा आदि जस्ता विशेषताहरु रहेका छन् । जसलाई गाउँपालिकाले गौरव गर्न लायक कुराहरुमा मान्ने गरेको छ ।

## २.१० धार्मिक स्थलहरु

यस गाउँपालिकामा धार्मिक स्थलहरु धार्मिक हिसावले निकै आस्थाका केन्द्रका रुपमा रहेका छन् । रामजानकी मन्दिर, ब्रह्मस्थान, खाकीबाबा, सोमनाथ मन्दिर, रामनाथ सर्वेश्वर मन्दिर,राजदेवी मन्दिर, त्रिलोकीनाथ महादेव मन्दिर, दुर्गा मन्दिर, बलिया बाबा मन्दिर, गेरुका मन्दिर, मंगलनाथ महादेव मन्दिर, सुन्दरनाथ महादेव मन्दिर, शिवधनी कुट्टी, कैलाश कुट्टी, बसहाबाबा मन्दिर, सलहेश महराज, महारानी स्थान, हनुमानजी मन्दिर, भोलेबाबा मन्दिर, डिहबार स्थान, शिव मन्दिर, रामजानकी कुटी र मस्जिद रहेका छन् ।

यस गाउँपालिकामा रहेको मंगलनाथ मन्दिर सोनमाको पौराणीक हिसावले धेरै नै महत्व रहेको छ ।

## २.११ सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र

सांस्कृतिक तथा ऐतिहासिक क्षेत्र र संस्कृतिका रुपमा मंगलनाथ मन्दिरलाई मानिन्छन् । चाडपर्व तथा मेलाले धार्मिक साास्कृतिक तथा सामुदायिक परम्पराको संरक्षणबाट खुशियाली साटासाट तथा मनोरञ्जनका लागि यस गाउँपालिकाले महत्वपूर्ण स्थान ओगटेको छ । यस गाउँपालिकाका हिन्दु समुदायमा मनाईने चाडपर्वहरु रक्षाबन्धन, तीज, ऋषिपञ्चमी, कृष्णाष्टमी, विश्वकर्मा पूजा, जितिया, दशै, दुर्गापूजा, दिपावली, छठ, विवाह पञ्चमी, माघे साक्रान्ती, शिवरात्री, होली, रामनवमी, जुडशितल तथा सतुआईन आदी हुन् । यी मध्ये पनि दिपावली, छठ र होली बिशेष आकर्षण तथा उत्साहका साथ मनाईन्छ भने कृष्णाष्टमी, दुर्गापूजा, शिवरात्रीमा धार्मिक मेलासमेत लाग्ने गर्दछ । यसैगरी मुस्लिम समुदायमा मनाईने चाडपर्वहरु रमजान, ईद-उल-फितर, बकरिद, मोहरम ताजया आदी हुन् । यसबाहेक आ-आफ्नो जातीय धार्मिक तथा साास्कृतिक परम्पराअनुसार अन्य चाडपर्व पनि उत्साहकासाथ मनाईने गरिन्छ । यी चाडपर्वहरुले सामाजिक सद्भाव कायम राख्न सहयोग हुने गरेको छ ।

## २.१२ गाउँपालिकाका विकासका संभावनाहरु :

- सहभागितामूलक छलफलबाट निम्न उल्लेखित गाउँपालिका विकासका प्राथमिकतायुक्त बिषय क्षेत्रहरुमा निर्धारण गरिएको छ ।
- कृषि तथा सिँचाई (कृषिमा व्यवसायीकरण, उन्नत पशुपालन, मत्स्यपालन, फलफूल खेती, सतह तथा भूमिगत सिँचाई)
- शिक्षा (गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयको सुदृढीकरण, प्रारम्भिक वालविकास केन्द्र, सीपमुलक एवम् व्यवशायिक शिक्षा)
- सामाजिक विकासः (महिला, पिछडा वर्ग, दलित, मुस्लिम, अपाँगता भएका व्यक्ति, वालवालिका, द्वन्द्व प्रभावित व्यक्ति, एकल महिला, जेष्ठ नागरिक, युवा, तेश्रो लिङ्गी
- खानेपानी तथा सरसफाई (स्वच्छ खानेपानी, शौचालय)
- स्वास्थ्य (गुणस्तरीय स्वास्थ्य सेवा, स्वास्थ्य सेवा, सुविधा र पूर्बाधारमा पहुँच, मातृस्वास्थ्य, वालस्वास्थ्य)
- पूर्बाधार विकास (सडकहरुको स्तरोन्नती, नवीकरणीय उर्जा प्रबर्द्धन, सूचना सञ्चार प्रबिधिको विकास)
- सुशासन (सहभागितामूलक योजना तथा निर्णय प्रक्रिया, नागरिक समाजको सशक्तिकरण, जवाफदेही राजनीतिक संस्कार, पारदर्शी कार्यप्रणाली, सूचनामा नागरिकको पहुँच)
- उद्योग (स्थानीय स्रोतमा आधारित उद्योगको स्थापना र विकास, वन तथा कृषिजन्य उद्योगहरु)
- वातावरण, वन तथा भूसंरक्षण (साझेदारी वन, सार्वजनिक जग्गा व्यवस्थापन, नदी नियन्त्रण)
- पर्यटन तथा संस्कृति (धार्मिक पर्यटन, स्थानीय भाषा तथा मैथली संस्कृति र परम्परा, )
- सहकारीसँग सम्वन्धित कार्यक्रम

# परिच्छेद ३ : पारिवारिक विवरण तथा जनसंख्या अवस्था

## ३.१ जनसंख्याको आकार

यस गाउँपालिकाको कुल घरधुरी संख्या ६३४१ रहेको छ । कुल जनसंख्याको ३८७४७ मध्ये १९६३७ (लगभग ५०.६९ प्रतिशत) पुरुष तथा १९११० (लगभग ४९.३१ प्रतिशत) महिला रहेका छन् ।

| हालको वडा नं. | समावेश भएका साविक गा.वि.स. हरु | साविक वडा नं. | जम्मा जनसंख्या | पुरुष | महिला | लैगिंक अनुपात | घरपरिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | सोनमा | १,२,३,४,६ | ४८७१ | २४८२ | २३८९ | १०३.८९ | ८३४ |
| २ | सोनमा | ५,७,८,९ | ४२५१ | २१५६ | २०९५ | १०२.९१ | ६९५ |
| ३ | रघुनाथपुर | १,२,३,४, ५,६,७,८,९, | ६३०७ | ३२१३ | ३०९४ | १०३.८५ | १०१३ |
| ४ | खैरबनी | १,२,३,४,५ | ४९९५ | २५४९ | २४४६ | १०४.२१ | ८३४ |
| ५ | खैरबनी | ६,७,८,९ | ४१४५ | २१५२ | १९९३ | १०७.९८ | ६५२ |
| ६ | सुन्दरपुर | १,२,३ | ४९६० | २४५५ | २५०५ | ९८.० | ८३९ |
| ७ | सुन्दरपुर | ४,५,६ | ५२९३ | २६५२ | २६४१ | १००.४२ | ८७२ |
| ८ | सुन्दरपुर | ७,८,९ | ३९२५ | १९७८ | १९४७ | १०१.५९ | ६०२ |
| जम्मा | | | ३८७४७ | १९६३७ | १९११० | १०२.७६ | ६३४१ |

### वडा अनुसारको जनसंख्या



गाउँपालिकामा महिला पुरुषको अवस्था




## ३.२ उमेर समूह तथा लिंग अनुसार जनसंख्या

| सि.नं. | उमेर समुह | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | ००-०४ | ४९३६ | २४८९ | २४४७ |
| २ | ०५-०९ | ४९८२ | ३०१९ | २९६३ |
| ३ | १०-१४ | ५२५८ | २७१२ | २५४६ |
| ४ | १५-१९ | ३२०१ | १७३१ | १३७० |
| ५ | २०-२४ | २८१२ | १३५६ | १४५६ |
| ६ | २५-२९ | २८८६ | १३५२ | १५३४ |
| ७ | ३०-३४ | २५०१ | ११८९ | १३१२ |
| ८ | ३५-३९ | २०७३ | १०४६ | १०२७ |
| ९ | ४०-४४ | १८७४ | ९३० | ९४४ |
| १० | ४५-४९ | १५१४ | ७५६ | ७५८ |
| ११ | ५०-५४ | १४१५ | ७३३ | ६८२ |
| १२ | ५५-५९ | १२५२ | ६६१ | ५९१ |




### ३.३ उमेर समूह तथा लिंग अनुसार जनसंख्या :

उमेर समूहगत रुपमा हेर्दा गाउँपालिकामा सवैभन्दा बढी जनसंख्या ५ देखि ९ वर्ष उमेर समूहका ५९८२ रहेका छन् । त्यसबाहेक १० देखि १४ वर्षको उमेर समुहका जनसंख्या पनि उल्लेख्य देखिन्छ । १५ देखि ५९ वर्षको उमेर समुहको जनसंख्यालाई उन्पादनशिल जनसंख्या मान्ने गरिन्छ ।

## ३.४ जातजातिगत आधारमा गाउँपालिकाको जनसंख्या

यस गाउँपालिकामा जम्मा ३९ जातजाती तथा २ भाषाभाषी रहेका छन् । जातजातिगत आधारमा सोनमा गाउँपालिकामा यादव, मुस्लिम, तेली, चमार, कोईरी, मलाह, नुनीया, लोहार र धानुक समुदायको उच्च उपस्थिति रहेको छ । दलित समुदायको पनि उल्लेख्य बसोवास रहेको छ ।

| सि.नं. | जातजाती | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | यादव | १६७८१ | ८६८९ | ८०९२ |
| २ | मुसलिम | ३५६३ | १६७२ | १८९२ |
| ३ | तेली | १७४६ | ८८८ | ८५८ |
| ४ | चमार | १३८२ | ७०३ | ६७९ |
| ५ | कोईरी | ११९९ | ६१२ | ५८७ |
| ६ | सन्यासी | २८ | १७ | ११ |
| ७ | धानुक | ८५४ | ४२७ | ४२७ |
| ८ | मुसहर | ६१९ | ३१७ | ३०२ |
| ९ | पासवान | ६४३ | ३१९ | ३२४ |
| १० | गडेरी/भेरिहर | १६६ | ८० | ८६ |
| ११ | सोनार | ५९८ | ३०९ | २८९ |

| | | | | |
|---|---|---|---|---|
| १२ | थारु | १३९ | ७३ | ६६ |
| १३ | ब्राह्मण | ४०६ | २०५ | २०१ |
| १४ | मलाह | १०७७ | ५५० | ५२७ |
| १५ | कलवार | ५७ | २७ | ३० |
| १६ | हजाम | ७२० | ३४२ | ३७८ |
| १७ | सुडी | ८८० | ४४९ | ४३१ |
| १८ | तत्मा | १३६ | ६९ | ६७ |
| १९ | खत्वे | ५१० | २४० | २७० |
| २० | धोवी | ६०३ | ३०० | ३०३ |
| २१ | कुम्हार | २२२ | १०५ | ११७ |
| २२ | हलुवाई | ३५५ | ३९४ | १६१ |
| २३ | बडई | ४८९ | २३२ | २५७ |
| २४ | माली | ११९ | ६० | ५९ |
| २५ | सुनवार | १३ | ५ | ८ |
| २६ | डोम | ८६ | ४८ | ४८ |
| २७ | धुनिया | ६०८ | ३११ | २९७ |
| २८ | सन्यासी | २८ | १७ | ११ |
| २९ | कथबनिया | ९८ | ६१ | ३७ |
| ३० | कानु | ६७२ | ३२४ | ३४८ |
| ३१ | लोहार | ९४६ | ४८८ | ४५८ |
| ३२ | नटुवा | २७ | १४ | १३ |
| ३३ | तमांग | ५८ | ३० | २८ |
| ३४ | नुनिया | १३३१ | ६७२ | ६५९ |
| ३५ | बिन | १०९ | ५९ | ५० |
| ३६ | कायस्त | ९४ | ४५ | ४९ |
| ३७ | क्षेत्री | ९६ | ५३ | ४३ |
| ३८ | ब्राम्हण पहाड | ३०५ | १५४ | १५१ |
| ३९ | अन्य | १९२ | ८१ | १११ |

यो गाउँपालिकामा यादव, मुस्लिम, तेली, चमार, कोइरी, कुर्मी, धानुक, पासवान, सोनार, ब्रह्मण, मलाह, हजाम, कानु, लोहार, तत्मा, खत्वे, धोवी, नुनीया, हलुवाई, कायस्त, बरई, बनिया, भेरिहर, माली, डोम, धुनीया, नटुवा, क्षेत्री, तमांग, मुसहर, कलवार, सुडी, थारु, सन्यासी, कथबनीया, सुनुवार तथा अन्य जातीहरुको बसोवास रहेको पाइन्छ ।

## ३.५ धर्म अनुसार गाउँपालिकाको जनसंख्या

| धर्म वा सम्प्रदाय | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|
| हिन्दु | १७९६६ | १७२१८ | ३५१८४ | ९०.८ |
| इस्लाम | १६७१ | १८९२ | ३५६३ | ९.२ |
| जम्मा | १९६३७ | १९११० | ३८७४७ | १०० |

### धर्म अनुसार गाउँपालिकाको अवस्था



यस गाउँपालिकामा रहेको जनसंख्याको धर्मप्रतिको आस्थामा अधिकत्तर रुपमा हिन्दु धर्म र मुस्लिम धर्म रहेको छ । झण्डै ९०.८ प्रतिशत जनसंख्याले हिन्दु धर्म अंगालेका छन । त्यसपछिको जनसंख्या भनेको इस्लाम वा मुसलमानहरुको ९.२ प्रतिशत रहेको छ ।

## ३.६ मातृभाषाका आधारमा गाउँपालिकाको जनसंख्याको विवरण:

यस गाउँपालिकामा ३९ जातिका मानिसहरुको बसोवास रहेको छ । यी जातिहरु मध्ये धेरैले मैथिली भाषा बोल्दछन भने दोस्रोमा उर्दु भाषा बोल्ने गरेका छन । त्यसबाहेक नेपाली भाषा पनि बोल्दछन । मैथिली भाषा बोल्नेहरुको संख्या ९५.३ प्रतिशत भन्दा बढी देखिन्छ ।

| मातृभाषा | जनसंख्या |
|---|---|
| मैथिली | ३६९४१ |
| उद्रु | १८०६ |




## *३.७ घरधुरी स्वामित्वको आधारमा :*

| सि.नं. | विवरण | परिवार संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आफ्नो | ६२८८ | ९९.१६ |
| २ | भाडामा | २३ | ०.०३ |
| ३ | संस्थागत | ३० | ०.८३ |
| | जम्मा : | ६३४१ | १०० |




## ३.८ अपाङ्गता भएकाहरुको विवरण

नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि र यसको इच्छाधिन आलेख २००६ लगायत अन्तर्राष्ट्रिय प्रतिबद्धताहरुलाई व्यवहारमा उतार्नका लागि समुदायमा आधारित पुनःस्र्थापना कार्यक्रम, विशेष शिक्षा, समाहित शिक्षा, निःशुल्क सहायक सामग्री, अपाङ्गतासम्बन्धी चेतनामूलक श्रव्य दृश्य सामग्री, समावेशीकरण, अपाङ्गता भएका व्यक्तिहरुको संस्थागत विकास अनुदान, सामाजिक सुरक्षा भत्ता वितरण लगायत विभिन्न लक्षित कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ ।

## ३.९ अपाङ्गता भएका जनसंख्या

| सि.नं. | अपाङ्गता भएका जनसंख्या | जम्मा | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | शारीरिक अपाङ्गता | २९४ | १७० | १२४ |
| २ | दृष्टि सम्बन्धी अपाङ्गता | ४१५ | १७१ | २४४ |
| ३ | सुनाई सम्बन्धी अपाङ्गता | ११९ | ७७ | ४२ |
| ४ | श्रवण दृष्टिविहिन | १५ | १० | ५ |
| ५ | स्वर बोलाई सम्बन्धी | ८३ | ५४ | २९ |
| ६ | मानसिक अपाङ्गता | ५८ | ३७ | २१ |
| ७ | बौद्धिक अपाङ्गता | २३ | ११ | १२ |
| ८ | बहु अपाङ्गता | ७३ | ४१ | ३२ |
| जम्मा | | १०८० | ५७१ | ५०९ |

*यस गाउँपालिकामा रहेका जनसंख्याहरुमा २.७८ प्रतिशत* अपाङ्गता रहेका *छन ।*

## ३.१० व्यक्तिगत घटना विवरण (२०७६ चैत्र मसान्त सम्म दर्ता भएका विवरण अनुसार) :

| वडा नं. | जन्म | मृत्यु | विवाह | सम्बन्ध विछेद ( जोडी) | बसाई सराई | |
|---|---|---|---|---|---|---|
| | | | | | आएको | गएको |
| १ | ४४२ | ३७ | १६१ | १ | ७ | ३३ |
| २ | ४६८ | ३२ | २४१ | ० | ६ | ५१ |
| ३ | ५०८ | ५० | १०० | ० | २ | १४ |
| ४ | ५४९ | ७७ | १६९ | ० | ० | २० |
| ५ | ४३७ | २६ | १४९ | ० | ० | ६ |
| ६ | ५२७ | ३७ | १७५ | ० | ८ | ० |
| ७ | ३५८ | ३८ | ११४ | ० | ३ | २६ |
| ८ | २५२ | ३० | ८४ | ० | ६ | २० |
| जम्मा : | ३५४१ | ३२७ | ११९३ | १ | ३२ | १७० |




## ३.११ सामाजिक सुरक्षा कार्यक्रम विवरण (गत आ.व.को एक वर्षको विवरण)

| वडा नं. | जेष्ठ नागरिक | | | एकल महिला | | पूर्ण अपांग | | | क्षेत्र तोकिएका बालबालिका | | | दलित बालवालिका | | | दलित जेष्ठ नागरिक | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | म. | पु. | जम्मा | म. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा |
| १ | ११८ | १२५ | २४३ | ४७ | ४७ | १ | २ | ३ | २२९ | २३६ | ४६५ | २ | ३ | ५ | ७ | १४ | २१ |
| २ | १०२ | १०७ | २०९ | ३७ | ३७ | १ | २ | ३ | १८६ | १७५ | ३६१ | २२ | ८ | ३० | ८ | ८ | १६ |
| ३ | १४४ | १३७ | २८१ | ४९ | ४९ | १ | ६ | ७ | २५६ | २५६ | ५१२ | १४ | ३० | ४४ | ३४ | ३३ | ६७ |
